# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३ ) काठमाडौं, साउन १८ गते २०४० साल ( अतिरिक्ताङ्क १३ (च)


### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०४० सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

396

## सैनिक ऐन, २०१६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः सैनिक ऐन, २०१६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सैनिक (तेस्रो संशोधन) ऐन, २०४०" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. सैनिक ऐन, २०१६ को दफा १ मा संशोधनः सैनिक ऐन, २०१६ (यसपछि "मूल ऐन" भनिएको) को दफा १ को उपदफा (३) को खण्ड (ख) पछि देहायको खण्ड (ग) र (घ) थपिएका छन्:–

"(ग) शाही नेपाली सेनामा भर्ना हुनको लागि छानिएका व्यक्तिहरू ।

(घ) यो ऐन लागू हुने व्यक्तिको ज्यान लिने वा ज्यान लिने मनसायले कुनै षड्यन्त्रमा शरीक हुने वा यो ऐन लागू हुने व्यक्ति वा डफफालाई कर्तव्यबाट बिचलित गराउने वा सैनिक सरसामान, हातहतियार वा खरखजानामा क्षति पुर्‍याउने वा त्यस्तो काम गर्ने गराउने उद्देश्य लिई यो ऐन बिरूद्ध कुनै काम गर्ने गराउने वा त्यस्तो काम गर्न प्रोत्साहन दिने सैनिक कानूनको अधीनमा नपर्ने गैह्र व्यक्तिहरू ।"

३. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ मा रहेको "जुनियर कमिशण्ड" भन्ने शब्दहरू झिकिएका छन् ।

४. मूल ऐनमा दफा २४ क. थपः मूल ऐनको दफा २४ पछि देहायको दफा २४ क. थपिएको छः–

"२४ क. कर्तव्य पालनको सिलसिलामा गरेको कामको बचाउः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागू हुने व्यक्तिले कर्तव्य पालनको सिलसिलामा गरेको कुनै कार्यबाट कसैको मृत्यु हुन गएमा वा कसैलाई क्षति हुन गएमा त्यस्तो व्यक्ति उपर कुनै पनि अदालतमा मुद्दा चलाउन सकिनेछैन ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "कर्तव्य पालनको सिलसिलामा गरेको कुनै कार्य" भन्नाले "आन्तरिक सुरक्षा वा आत्मरक्षाको लागि गरिने कार्य फल्याग मार्च, पेट्रोलिङ, चपटे डयूटी आदि समेतलाई जनाउँछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. <u>मूल ऐनको दफा ३० मा संशोधनः</u> मूल ऐनको दफा ३० को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) शाही नेपाली सेनाका कुनै पनि व्यक्ति देशभक्ति, राजभक्ति वा कर्तव्यबाट बिचलित भएमा वा त्यस्ता व्यक्तिलाई देशभक्ति, राजभक्ति वा कर्तव्यबाट बिचलित गराएमा वा बिचलित गराउने उद्योग गरेमा ।"

६. <u>मूल ऐनको दफा ६७ मा संशोधनः</u> मूल ऐनको दफा ६७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) सैनिक अदालतले हवल्दार, नायक, वा लान्सनायकलाई रणभूमि कैद वा रणभूमि सजाय वा नोकरीबाट बर्खासीको सजाय दिएमा निज सिपाहीमा ओह्लालिएको मानिनेछ ।"

७. <u>रूपान्तरः</u> यो ऐन तथा अन्य प्रचलित कानूनमा "शाही सेना" भन्ने शब्दहरू उल्लेख भएको ठाउँहरूमा सो शब्दहरूको सट्टा "शाही नेपाली सेना" भन्ने शब्दहरू राखिएका छन ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४०।४।१८।४

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३१५

मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।